प्रदेश सरकार
३ नं प्रदेश
भुमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय

# कृषि ज्ञान केन्द्र रामेछाप

(कार्य क्षेत्र: रामेछाप र दोलखा)

## प्राङ्गारिक कृषि प्रवर्द्धन मिशन कार्यक्रमका लागि प्रस्तावना आह्वानको सूचना

(प्रथम पटक प्रकाशित मिति:-२०७५/११/२३

कृषि ज्ञान केन्द्र रामेछापको आ.व.२०७५/०७६ को बार्षिक स्वीकृत **प्राङ्गारिक कृषि प्रवर्द्धन मिशन** कार्यक्रमका लागि प्राङ्गारिक खेती तथा प्राङ्गारिक कृषि उत्पादन एवम् बजारीकरण गर्न रामेछाप र दोलखा जिल्लाका कृषक,,कृषि फार्म, कृषक समूह, कृषि सहकारीले देहाय बमोजिमको कार्यक्रमको लागि यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र तोकिएको ढाँचामा प्रस्तावना पेश गर्नुहुन सम्वन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

| क.सं | कार्यक्रम | आवश्यकता | स्वीकृत संख्या | जम्मा बजेट (रु लाखमा) | कैफियत |
|---|---|---|---|---|---|
| १. | प्राङ्गारिक खेती परिक्षण कार्यक्रम (Pilot Program) | आवेदक कृषक समूह वा कृषि सहकारी हुनुपर्ने, समूह वा सहकारीले उत्पादन गर्ने कृषकहरु र बजारीकरण गर्ने उद्यमीहरुसँग अग्रिम सम्झौता गरेको हुनुपर्ने, परिक्षण कार्यक्रम सञ्चालन हुने क्षेत्रफल कम्तिमा ६० रोपनी हुनुपर्ने, कम्तीमा ७५% कृषकहरु पशुपालन गरेको हुनुपर्ने | २ | २८ | भकारो सुधार, भर्मिकम्पोष्ट निर्माण, उत्पादन सामाग्री प्याकेजिङ्ग लेवलिङ्गमा ८०% तथा ढुवानीमा प्रोत्सान १००% अनुदान |
| २. | प्राङ्गारिक उत्पादनका लागि प्लाष्टिक घर विस्तार अनुदान | एकल कृषकको हकमा कम्तीमा १५०० वर्ग मिटर क्षेत्रफलमा बढीमा ३ वटा प्लाष्टिक घर निर्माण गर्नुपर्ने<br>सामूहिक रुपमा नयाँ सँरचनामा उत्पादन गर्न चाहने समूहका सदस्य सँख्याको आधारमा प्रति सदस्य १५०० वर्ग मिटर क्षेत्रफलमा पर्ने गरि निर्माण गर्नुपर्ने | ८ | ५२.४ | प्लाष्टिक घर र उत्पादन खर्चमा ८०% अनुदान, बजारीकरण प्रोत्साहन १००% अनुदान |
| ३. | समूह वा सहकारीका लागि खुल्ला जमिनमा "प्राङ्गारिक उत्पादन" अनुदान | कृषक समूह/सहकारीको कम्तीमा ६० रोपनीमा खेती गर्नुपर्ने | २ | २६.८८ | भर्मीसेड निर्माण/भकारो सुधार/झोल मल उत्पादन गर्ने विषादी/विउ र विरुवा/सिँचाई/प्याकेजिङ्ग लेवलिङ्गमा ८०% अनुदान |
| ४. | "प्राङ्गारिक उत्पादनका" लागि प्लाष्टिक घर सुधार अनुदान | पहिलेनै निमार्ण भइ तरकारी उत्पादनमा प्रयोग भैरहेको प्लाष्टिक घर भएका हुनुपर्ने,उत्पादन क्लस्टर निर्माण गरि खुल्ला जमिन तथा सुधार गरिएका संरक्षित संरचनामा मिश्रित खेती गर्न चाहने कृषक समूह सहकारीलाई प्राथमिकता दिईनेछ । | ६ | १६.५ | इन्सेक्ट नेट,उत्पादन खर्च,बजारीकरण प्रोत्साहन (६०%,८०%,१००%) |
| ५ | एकल फार्मको लागि खुल्ला जमिनमा "प्राङ्गारिक उत्पादन" | कम्तीमा १० रोपनीमा खेती गर्नुपर्ने | ५ | १० | भर्मीसेड निर्माण/भकारो सुधार/झोल मल उत्पादन गर्ने विषादी/विउ र विरुवा/सिँचाई/प्याकेजिङ्ग लेवलिङ्गमा ८०% अनुदान |
| ६. | on farm organic Market( कृषि-खेतीको साथै सिँचाई प्रयोजन र पशु चिकित्सा सम्वन्धी उपकरण तथा मेशीन औजार) | बजार खोल्ने समुह/सहकारीले कम्तीमा २० जना प्राङ्गारिक कृषि उत्पादक कृषकसँग करारनामा गरेको हुनुपर्ने | २ | १० | मार्केट आउटलेटको पूर्वाधार निर्माणको ८०% वा ५ लाख मध्ये जुन कम हुन्छ सो बराबरको अनुदान दिइनेछ । |

**पुनश्च:-**

१. यो कार्यक्रम अन्तगत अनुदान प्राप्त गर्ने अनुदानग्राहीले अनिवार्य रुपमा उल्लेखित ४ किसिमहरुमध्ये एक किसिमको उत्पादन पद्धति अवलम्बन गर्नुपर्नेछ ।

क) प्राङ्गारिक उत्पादन अर्थात "Organic Certified Product" (ख) प्राङ्गारिक रुपान्तरण उत्पादन अर्थात "Organic In-conversion Product"

ग) रासायनिक विषादी प्रयोग नगरिएको उत्पादन अर्थात "Product Without Use of Chemical Pesticide" (घ) परम्परागत कृषि उत्पादन अर्थात "Traditional Agriculture Product"

२. शहर आसपासका व्यवसायिक उत्पादन क्षेत्र,तत्काल पूर्ण प्राङ्गारिकमा जान कठिन,सिंचाई तथा सडकको पहुँच भएका क्षेत्रहरुमा उत्पादन क्लस्टर निर्माण गरि खुल्ला जमिन तथा संरक्षित संरचनामा धैरे जमिनमा मिश्रित रुपमा खेती गर्न चाहने समूह तथा सहकारीलाई प्राथमिकता दिईनेछ ।

३. आलु,तरकारी,मसलाबाली, तथा केरा,मेवा जस्ता फलफुललाई विशेष प्राथमिकता दिइनेछ ।

**आवश्यक कागजातहरु :**

१.रु १० को हुलाक टिकट सहितको तोकिएको ढाँचाको आवेदन ।

२.समूह तथा सहकारीको हकमा प्रस्ताव सहित बैठकको निर्णय प्रतिलिपी,सँस्था दर्ता/नविकरण प्रमाणपत्र, स्थायी लेखा नं.को प्रतिलिपी

३.खेती गरिने जग्गाको लालपुर्जाको सक्कल तथा नक्कलसाथै करारमा लिएको जग्गाको हकमा कम्तिमा ५ बर्षको करारनामा हुनुपर्नेछ ।

४.वडा कार्यालयको सिफारिस ।

नोट: कार्यक्रम सम्वन्धि अन्य विषयहरु /शर्तहरु प्राङ्गारिक प्राङ्गारिक कृषि प्रवर्द्धन मिशन कार्यक्रमको संचालन कार्यविधि २०७५ अनुसार हुनेछ ।

**थप जानकारीको लागि**

**कृषि ज्ञान केन्द्र रामेछाप :** ०४८-५४०३०८, ०४८-५४००६३, ९८६३०२३००८,९८४१५४८२८४

( प्राङ्गारिक कृषि प्रवर्द्धन मिशन कार्यक्रमको संचालन सम्वन्धि कार्यविधि www.vdd.gov.np बाट डाउनलोड गर्न सकिनेछ । )

०७५/११/२३

Scanned by CamScanner